नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मितिः- २०७३/०८/२८

## प्रेस विज्ञप्ति

मिति २०७३/०८/२७ गते बाँके जिल्लाको मटैया गा.वि.स.मा मुस्लिम परम्परा अनुसार मोहम्मद पर्व मनाउँदै गर्दा केही स्थानीय मानिसहरूबीच विवाद भई दुबै पक्षबीच झडप हुँदा ७ जना व्यक्ति घाइते हुन गएकोमा एकजना बाँके नरैनापुर गा.वि.स.-३ निवासी मुनिजर खाँको निधन र ६ जना घाइते भएको दुःखद घटनाप्रति गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। यस घटनामा परी ज्यान गुमाउनु भएका स्वर्गीय मुनिजर खाँप्रति गृह मन्त्रालय हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ। साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

घटनाको सूचना प्राप्त भए लगत्तै माननीय उपप्रधान तथा गृह मन्त्रीज्यूले शान्ति सुव्यवस्था कायम राख्न, आपसी सद्भावलाई अझ सुदृढ बनाउन, घाइतेहरूको उपचारको व्यवस्था मिलाउन र घटनाको निष्पक्ष छानविन गरी दोषी उपर प्रचलित कानून बमोजिम कडा कारवाही गर्न र स्थानीय सरोकारवालाहरूसँग भएका सहमति, समझदारीहरूको कार्यान्वयन गर्नका लागि स्थानीय प्रशासनलाई निर्देशन दिनुभएको छ ।

नेपालगञ्जमा उपचाररत घाइतेहरूलाई थप सुविधायुक्त अस्पतालमा उपचार गराउने उद्देश्यले आज नेपाली सेनाको Sky Truck मार्फत त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौंमा ल्याई सरकारको तर्फबाट नै उपचार गराउने व्यवस्था मिलाइएको छ।

यस दुःखद् एवम् अनपेक्षित घटनाबाट कुनै अप्रिय परिस्थिति सृजना हुन नदिन तथा सामाजिक एकता र साम्प्रदायिक सद्भावलाई यथावत कायम राख्न धार्मिक सद्भाव समिति, मौलाना, धर्मगुरु तथा समाजसेवीहरूले पुऱ्याउनुभएको अतुलनीय योगदानको उच्च मूल्याङ्कन गर्दै पारस्परिक सद्भाव तथा शान्ति सुव्यवस्थालाई अझ सुदृढ तुल्याउन उहाँहरूबाट निरन्तर सहयोगको अपेक्षा गर्दछौं।

(बालकृष्ण पन्थी)

प्रवक्ता